५०५-५१६

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५८४/२०७२/०७३

निर्णय नं.५१७

दोलखा जिल्ला सुन्द्रावती- हाल श्री नेपाल वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालय, वनकाली, गौशालाका गोविन्दप्रसाद दाहाल ..........................................................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं ..............................१ विपक्षी

सूचना अधिकारी, कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं ..............................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

दोलखा जिल्ला सुन्द्रावती- हाल श्री नेपाल वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालय, वनकाली, गौशालाका गोविन्दप्रसाद दाहालले कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई उपलब्ध गराउनु । यदि उपलब्ध गराउन नमिल्ने भए उचित र पर्याप्त कारण सहित ७ (सात) दिन भित्र यस आयोग र पुनरावेदकलाई समेत जानकारी गराउनु भनी कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. लिखित परीक्षामा सामेल परीक्षार्थीहरुको कुल संख्या ।

२. लिखित परीक्षाको प्राप्ताङ्क अनुसार प्रतिस्पर्धीहरु बीच आफ्नो योग्यताक्रम संख्या ।

३. लिखित परीक्षाका प्रथमपत्र र द्वितीयपत्रका प्रमाणित प्रतिलिपि र प्राप्ताङ्कहरु ।

४. प्रतियोगितात्मक लिखित परीक्षाबाट अन्तर्वार्तामा छनौट हुन आवश्यक परेको न्यूनतम कुल प्राप्ताङ्क ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल माघ ३ गते रोज १ शुभम् ।